सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १६१ ♦ २०८० साल फागुन २० गते आइतवार♦ 3 March 2024♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## संघीय सरकारको कार्यशैलीले संघीयतामाथि प्रश्न उठ्न थाल्यो : एमाले महासचिव पोखरेल



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महोत्तरी**

नेकपा एमालेका महासचिव शंकर पोखरेलले मधेश प्रदेश सरकार विकास र सुशासन कायम गर्न चुकेको बताएका छन् । 'जनता समाजवादी पार्टी नेतृत्वमा जबसम्म मधेश प्रदेशमा सरकार रहन्छ तबसम्म समयको बर्बादी मात्रै हुन्छ,' पोखरेलले भने, ‘मधेश प्रदेशमा जसपाले ६ वर्षसम्म सरकारको नेतृत्व गरेको छ । यो ६ वर्षमा देखाउने लायक काम केही गरेको छैन ।’

मधेश प्रदेशमा एमाले ठूलो दल भएपनि गठबन्धनको कारणले सरकारको नेतृत्व गर्न नसकेको उनले बताए ।

महोत्तरीको जलेश्वरमा नेकपा एमाले पार्टी कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा नेकपा एमाले विकास र समृद्धिको लागि दुरदर्शी, बलियो राजनीतिक पार्टी, स्थायी सरकार हुनुपर्नेमा जोड दिने पार्टी भएको उनले बताए । महासचिव पोखरेलले संघीय सरकारको कार्यशैलीले संघीयतामाथि प्रश्न उठन थालेको बताए । गठबन्धनको सरकार जनता विरोधी र राष्ट्र विरोधी रहेको उनले टिप्पणी गरे ।

## हातमा जंजिर बाँधेर स्वाधीन मधेस अभियानको प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महेन्द्रनगर**

स्वाधीन मधेस जन अभियान अन्तर्गत हातमा जंजिर बाँधेर मा महिलाहरुले बिरोध प्रदर्शन गरेका छन् । नेपालमा महिला पुरुष, धनी गरिब बिचको भेदभाव कायमै रहेको भन्दै स्वाधीन मधेस जन अभियानमा लागेका महिलाहरुले हातमा जंजिर बाँधेर जनकपुरधाममा बिरोध प्रदर्शन गरेका हुन् ।

नेपालमा महिलाहरुको सहभागिता हरेक क्षेत्रमा बढीरहेको दावीका बिच महिलाहरु अहिले पनि समाजको मूलधारमा आउन नसकेको र अहिले पनि महिलाहरुलाई गुलामीको जंजिरमा राखिएको संकेत गर्दै महिलाहरुले जंजिर बाँधेर बिरोध प्रदर्शन गरेको स्वाधीन मधेस जनअभियानका संगठन प्रमुख अशेश्वर कामतले बताए ।

अभियानले दलित तथा विपन्नहरुको हक अधिकारका लागि आवाज उठाउने बताउँदै उनले समाजको मूलधारमा ल्याउनुका साथै देशको सदनसम्म पहुँच पुर्याउनका लागि आफूहरुले अभियानको शुरुवात गरेको जानकारी दिए । उनले आफूहरुले देशमा आवादीको हिसाबले प्रतिनिधित्व हुनुपर्ने आफूहरुको माग रहेको बताए । कामतले मुलुकमा स्थानीय सरकारमा दलहरुको उम्मेदवार नभई निर्दलीय उम्मेदवारको व्यवस्था हुनुपर्ने आफूहरुको अडान रहेको बताए ।

## श्रमको मूल्य नपाएपछि पलायन हुँदै उखु किसान

**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, बर्दिवास**

मधेस प्रदेशका उखु उत्पादक किसानले उखु खेतीबाट बढीभन्दा बढी लाभ लिने अवस्था निर्माण नगरे कृषकको पलायन रोक्न नसकिने बताएका छन् । त्यसलाई रोक्न सरकारले तत्काल योजनाबद्धरूपमा काम गर्नुपर्ने उनिहरूको सुझाव छ । कृषि विभाग हरिहर भवन, ललितपुरले शुक्रबार जनकपुर धाममा आयोजना गरेको उखु उत्पादनका समस्या पहिचान तथा कार्यविधिसम्बन्धी अन्तर्क्रियामा किसानले हालकै अवस्था कायम रहे धेरैले सोखेती नै छोड्ने निष्कर्षमा पुगेको बताएका हुन् ।

कृषि उत्पादक किसान एवं उखु तथा चिनी विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र सिंह कुशवाहले उखु किसानले श्रमको मूल्य पाउन सधैं आन्दोलन गर्नुपर्ने, मूल्य निर्धारण प्रणालीले उद्योगी मोटाउने तर किसान मारमा पर्ने अवस्था कायम रहेकाले त्यसलाई सच्याउनुपर्ने बताए । हाल चिनी बन्ने

*बाँकी पृष्ठ २ मा*




सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# श्रमको मूल्य नपाएपछि पलायन हुँदै....................

सम्भावित दरका आधारमा मात्रै मूल्य निर्धारण भइरहेकाले अन्य कच्चा पदार्थलाई समेत मध्यनजर गरी मूल्य निर्धारण प्रणाली विकास गर्नुपर्ने उनको भनाइ छ ।

“उखुबाट चिनी बन्ने सम्भावित दर करिब १० प्रतिशत मात्रै भए पनि ६० प्रतिशतभन्दा बढी पानी तथा अन्य कच्चा पदार्थ प्रयोग हुने अवस्था रहेको छ । किसानका लागि भने चिनी बन्ने दरका आधारमा मात्रै मूल्य निर्धारण गरिन्छ । त्यो परम्परागत मूल्य निर्धारण प्रणाली फेर्नुपर्छ”, कुशवाहले भने, “अन्यथा जनशक्तिको अभाव, मूल्यका लागि सधैँ द्वन्द्व गर्नुपर्ने अवस्था, कम उत्पादकत्वजस्ता कारणले किसान बाध्य भएर बाली परिवर्तन गर्न लागिरहेका छन् । त्यो क्रम थप बढ्न नदिन सरकारले सोहीअनुसार काम गर्नुपर्छ ।”

न्यून उत्पादकत्व, उच्च खेती लागत, उखुको न्यून गुणस्तर, सामाजिक-आर्थिक र नीतिगत बाधालाई समाधान गरेर जानसके मात्रै किसानको पलायनलाई रोक्न सकिने कुशवाहले बताए । त्यस्तै अर्का उखु किसान प्रमोदकुमार सिंहले ऋण काढेर उत्पादन गर्ने तर उधारोमा बेच्नुपर्ने झन्झटबाट सधैँका लागि मुक्ति पाउन आफूहरू बाली बदल्न बाध्य भइरहेको उनको भनाइ छ । उनि भन्छन्, “भुक्तानीका लागि आन्दोलन गर्नुपर्ने अवस्था कायमै छ । काम गर्ने जनशक्ति छैन । सरकारसँग लागत घटाउने दीर्घकालीन याजना छैन । अनि सधैँ समस्या भोगेर कति बस्नु !”

उखु उत्पादक किसान वीरेन्द्र कुशवाहले पनि उन्नत जातको बीउ, सिँचाइ, आधुनिक प्रविधि र उत्पादकत्व बढाउने गरी सहयोग गर्न आग्रह गरे । “लागतअनुसार उपलब्धि छैन । मल, बीउ, कृषि सडक, सिँचाइ र समयमा भुक्तानी नपाउनु हामी उखु किसानका स्थायी समस्या हुन् । पछिल्लो समय सरकारले प्रोत्साहनका लागि नगद अनुदान दिने र अन्य कार्यक्रम ल्याउने काम त गरेको छ तर त्यसले पनि लागत धान्न सकेन । जसले किसान बाली फेर्दैछन्”, कुशवाहले भने ।

कार्यक्रममा कृषि विभागका महानिर्देशक डा हरिबहादुर केसीले सरकारले उखु उत्पादन तथा प्रशोधनले तराई मधेस क्षेत्रका नागरिकको जीविकोपार्जन तथा आयस्तर वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा बर्सेनि १७ अर्बभन्दा बढी प्रत्यक्ष योगदान गरिरहेकाले यसलाई थप प्रोत्साहन गर्ने नीतिअनुसार सरकारले काम गरिरहेको बताए ।

सोही नीतिअनुसार विगतमा औद्योगिक बाली विकास कार्यक्रमबाट उखु बीउ सेट, कृषि औजार उपकरण, विषादी अनुदानमा वितरण र हाल राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रम जितपुर र कृषि विभागमार्फत कार्यक्रम सञ्चालन भइरहेका, अनुदान रकम कृषकको खातामा जम्मा गर्नका लागि उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि कार्यान्वयन, कृषकको लगत संकलनजस्ता काम सँगसँगै अगाडि बढिरहेका छन् ।

“कार्यविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुझाव सङ्कलनको काम पनि भइरहेको छ । उखु किसानको समस्यालाई मध्यनजर गरी थप प्रोत्साहन गर्न उन्नत जातको उखु विकास, सिँचाइ, मलखाद तथा यान्त्रीकरणमा सहयोग र उद्योगको स्तरवृद्धि गरी चिनीको उत्पादन पनि बढाउनुपर्ने आवश्यकता छ । त्यसमा पनि मन्त्रालय र विभागले काम गरिरहेको छ”, डा केसीले आश्वस्त पारे ।

नेपालमा व्यवसायीकरूपमा उखु खेती हुने १५ जिल्लामध्ये सात जिल्ला र देशभरि रहेका १६ वटा ठूला चिनी उद्योगमध्ये आठ वटा उद्योग मधेस प्रदेशमा मात्रै छन् । देशका सात प्रदेशमा जम्मा ६२ हजार पाँच सय ६७ हेक्टर क्षेत्रफलमा उखु खेती हुने गरेकामा मधेस प्रदेशले त्यसको ६८ प्रतिशत हिस्साअर्थात् ४२ हजार छ सय ९६ हेक्टर क्षेत्रफल योगदान गरिरहेको छ ।

त्यसैगरी देशभर उत्पादन हुने भनिएको उखुमध्ये ६६ प्रतिशतभन्दा बढी हिस्सा मधेसकै रहेको देखिन्छ । उत्पादकत्व भने यहाँ ४९ दशमलव ०४ प्रतिशत मात्रै कछ । मलखाद, उन्नत जातको बीऊ, प्रविधि र दक्ष जनशक्तिको अभाव, उच्च लागत, न्यून मूल्य, उधारोमा कारोबार र उधारो उठाउन सधैँ द्वन्द्वको अवस्था सिर्जना हुने अवस्था नबदलिएपछि यहाँका किसान भने निराश छन् ।

एकपल्ट उखु लगाएपछि तीन वर्षसम्म त्यसैबाट आम्दानी गर्न सकिने र गोडमेल गर्नुपर्ने समस्या खासै नहुने हुँदा विगतमा यहाँका किसानको आकर्षण उल्लेख्य थियो । तर उद्योगीसँगको द्वन्द्व, भुक्तानी समयमा नपाउने, लागत धेरै तर न्यून उत्पादकत्व (नेपालमा प्रतिहेक्टर ५० मे.ट), उत्पादित उखुबाट चिनी बन्ने दर नौ प्रतिशतमात्रै, आयातित र नेपालमा उत्पादन भएको चिनीको मूल्यमा सामजस्यता नहुँदा बजार असन्तुलन, उन्नत प्रविधि ग्रहण गर्ने क्षमतामा कमी, प्राविधिक ज्ञानमा कमी, सञ्चालनमा रहेका मिल पूर्ण क्षमतामा सञ्चालन हुननसक्नु, पूर्ण क्रसिङ क्षमताअनुसारको परिमाणमा उखु उपलब्ध नहुनु र चिनी मिलबीच अस्वस्थ प्रतिस्पर्धा र राजनीतिजस्ता कारणले यस क्षेत्रले समस्याको सामना गरिरहनुपरेको छ ।

-रासस

## सर्लाहीबाट गोली लोड गरिएको पेस्तोल बरामद

**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, सर्लाही**

सर्लाहीबाट प्रहरीले गोली लोड गरिएको पेस्तोल बरामद गरेको छ ।

नेपाल भारत सीमा क्षेत्र सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-५, इनरुवाबाट शुक्रबार साँझ बरामद गरिएको हो ।

मेड इन यूएसए लेखिएको पेस्तोल र म्यागजिनमा लोड गरिएको पाँच राउन्ड गोली बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

शुक्रबार साँझ ८ बजे भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० एक्स ७७१३ भारतीय नम्बरको मोटरसाइकलमा सवार दुई अपरिचित व्यक्ति चेकिङमा रहेका सशस्त्र प्रहरीलाई देख्नासाथ मोटरसाइकल छाडेर भाग्ने क्रममा उनीहरुले बोकेको हतियार खसेको थियो । ती दुवै व्यक्ति भारततर्फ नै फरार भएका छन् ।

बोर्डर आउट पोष्ट सखुअवाबाट गस्ती टोलीले चेक प्वाइन्ट थापेर जाँच गर्ने क्रममा हतियार बरामद भएको सशस्त्र प्रहरी बल नम्बर १० गणले जनाएको छ । गोली लोड भएको अवस्थामा पेस्तोल बरामद भएपछि कसैलाई मार्ने उद्देश्यले आएको हुनसक्ने प्रहरीको अनुमान छ ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताको समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# समाजवादी प्रेस संगठन धनुषाको पहिलो सधारणसभा सम्पन्न

**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महेन्द्रनगर**



नेकपा एकिकृत समाजवादी पार्टीको शुभेच्छुक समाजवादी प्रेस संगठन धनुषाको पहिलो सधारणसभा जनकपुरधाममा सम्पन्न भएको छ।

शनिवार एक विशेष कार्यक्रमको आयोजना गरि संगठन धनुषाले आफनो प्रथम सधारणसभा मनाएको छ।

संगठन धनुषाका अध्यक्ष अकुल प्रसाद साहको अध्यक्षता तथा मधेश प्रदेश सरकारका भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वृहतर जनकपुर विकास क्षेत्रका अध्यक्ष तथा पत्रकारका अगुवा समेत रहेका शितल साह, समाजवादी प्रेस सगठनका केन्द्रीय अध्यक्ष विष्णु मनि सुवेदी, मधेश प्रदेश अध्यक्ष प्रविण साह लगायत विभिन्न प्रेस संगठन धनुषाका अगुवा पत्रकारहरुको उपस्थिती रहेको थियो।

वक्ताहरुले पत्रकारिता जगत कमजोर हुदै गएको भन्दै देश परिवर्तणमा अहम भुमिका खेलेको यस जगतको रक्षा, सुरक्षा र वृद्विविकासका लागि तिनै तहको सरकार संवेदनशिल हुन आवश्यक रहेको बताए। मधेश सरकारका भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री न्यौपानेले पत्रकारीकताको मर्म र धर्म दुवै समाजवादको दिशातिर अग्रसर हुनुपर्ने बताए। प्रेस संगठनका पत्रकारहरुलाई समाजवादको सिद्धान्तबाट अगाडि बढन सुझाव दिदै उनले पत्रकारको बृद्धि विकासका लागि संगठनले काम गर्नुपर्ने बताए।

पुजिवादलाई समाजवादसंग समन्वय गराएर सकारात्मक बिचारलाई संरक्षण दिनुपर्नेमा वहाँको विशेष जोड थियो। चटपटे समाचारले पत्रकारीकता उपर प्रश्न चिन्ह खडा गरेको तर्क गर्दै उनले पेशा प्रति जिम्मेवार भए सबै प्रश्न को उत्तर पाउन सकिने बताए।

सो कार्यक्रमा मधेश मिडिया काउन्सिलका अध्यक्ष कैलाश दास, मधेश आम सञ्चार प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादव, नेपाल पत्रकार महासंघकी अध्यक्ष मोनिका झा, पूर्व अध्यक्ष अनिल कुमार मिश्र, नेपाल प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंह, प्रकाशक महासंघका महासचिव उपेन्द्र भगत नागवंशी, प्रेस चौतारी धनुषाका अध्यक्ष अवधेश कामत, मधेशी पत्रकार समाजका प्रदेश अध्यक्ष विरेन्द्र रमण, प्रेस सेन्टर धनुषाका अध्यक्ष संजिव मण्डल, प्रेस सेन्टर का प्रदेश अध्यक्ष किरण कर्ण, विद्यापती कोषका पूर्व अध्यक्ष डा. रामसागर पण्डित, समाजवादी प्रेस संगठन मधेश प्रदेशका सदस्य ओम प्रकाश साह, समाजवादी प्रेस संगठन महोत्तरी अध्यक्ष शर्मिला घीमिरे लगायत धनुषाका पत्रकाहरुको उपस्थिति रहेको थियो।

# नेपाल चिकित्सक संघको अगुवाईमा म्याराथन दौड



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महेन्द्रनगर**

नेपाल चिकित्सक संघ जनकपुर अञ्चल कमिटीको अगुवाईमा म्याराथन दौड गरिएको छ।

नेपाल चिकित्सक दिवसको पूर्व सन्ध्यामा शनिबार म्याराथन दौड प्रतियोगिताको आयोजना गरिएको थियो।

समाजका लागि चिकित्सक र चिकित्सकका लागि समाज मूल नाराका साथ मनाइदै ७४औं नेपाल चिकित्सक दिवसको अवसरमा आयोजित म्याराथन दौडमा चिकित्सक, नर्स लगायतका एक हजार बढी जनाको सहभागिता रहेको नेपाल चिकित्सक संघ जनकपुर अञ्चल कमिटीकाम महासचिव रामज्ञान यादवले बताए।

स्वस्थ नागरिक निर्माणका लागि व्यायामा आवश्यक रहेको सन्देश दिनका लागि ७ किलोमिटरको बृहत म्याराथन दौड गरिएको यादवले बताए।

फागुन २० गते आइतबार नेपाल चिकित्सक दिवसको अवसर पारेर मधेस प्रदेशको वर्तमान स्वास्थ्यको स्थिति र स्वास्थ्यको सूचकांक सुधारका लागि आगामी योजनाका विषयमा बृहत छलफल समेत गरिने उनले बताए।

छलफलमा मधेसको स्वास्थ्य मन्त्रालयका सचिव, स्वास्थय निर्देशनालयका निर्देशक, आपूर्ती शाखाका निर्देशक लगायतको सहभागिता रह्ने छ।

# अन्तर्राष्ट्रिस्तरको गुणस्तरीय शिक्षा सहितको विद्यालय संचालन

**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महेन्द्रनगर**

अन्तर्राष्ट्रिस्तरको गुणस्तरीय शिक्षा सहितको विद्यालय संचालनमा

जनकपुरधाममा अन्तर्राष्ट्रिस्तरको गुणस्तरीय शिक्षा सहितको एक निजी विद्यालय संचालनमा आएको छ।

मधेश प्रदेशमै शिक्षामा नयाँ आयाम सहितको जनकपुरधामको मिल्स एरियामा अत्याधुनिक सुविधा सम्पन्न विजडम ट्री इन्टरनेशनल नामक स्कूल संचालनमा आएको हो। पिजीदेखि कक्षा ५ सम्म संचालनमा आएको सो स्कूलमा विज्ञान, संगीत, रोबोटिक, गणित, कम्पूटर, पुस्तकालय र अन्तरराष्ट्रिय मापदण्डको स्मार्ट बोर्डसहितको स्मार्ट कक्षा कोठा, योग शिक्षा, मिथिला चित्रकलाको प्रशिक्षण लगायतका अत्याधुनिक सुविधाहरु सो स्कुलमा रहेको जनाइएको छ।

शनिवार विद्यालय व्यवस्थापक पक्षले एक पत्रकार सम्मेलन आयोजना गरी विद्यालयको विशेषताको बारेमा जानकारी गराएका छन्। पत्रकार सम्मेलनमा उपस्थित स्कूलका संस्थापक एवं मैनेजिंग डाइरेक्टर गौतम अग्रवालले जनकपुरधाम क्षेत्रमा धेरै निजी विद्यालय छन्। तर ती विद्यालयहरु शिक्षामा व्यापारीकरण गरिरहेकाले यस क्षेत्रमा अन्तरराष्ट्रियस्तरको शिक्षा सहितको विद्यालयको आभाव देखेर विजडम ट्री इन्टरनेशनल स्कूल संचालनमा ल्याइएको भने।

उनले 'हाम्रो उद्देश्य नेपालको भविष्य' मूल नाराका साथ संचालनमा ल्याइएको यस विद्यालयमा शिक्षा मात्र नभई विद्यार्थीमा संस्कृति र संस्कार, आधुनिक आवश्यकता अनुसारको प्राविधिक शिक्षा, मनोरञ्जनात्मक लगायतका शिक्षाहरुमा जोड दिइएको समेत जानकारी दिए।

यस्तै विद्यालयका प्रधानाध्यापक डिजो जेकेले विद्यार्थीलाई परम्परागत किताबी ज्ञान बाहेक हामीले जीवनपयोगी शिक्षा समेत दिनेछौं। विद्यार्थीहरुको रुचि र क्षमताको आधारमा उनलाई जीवनपयोगी शिक्षा अतिरिक्त रुपमा दिइने छौं, जसले गर्दा आगामी दिनमा तिनीहरुलाई समस्या हुदैन भन्ने हाम्रो उद्देश्य रहेको बताए।

विद्यालयका शिक्षक लभ झाले यस विद्यालयमा अन्य विद्यालयभन्दा फरक तथा अत्याधुनिक सुविधाहरु रहेको जानकारी दिदैं बच्चाहरुको मानसिक बोझ हुन नदिन खेलकूल सामाग्री, गीत संगीतको मध्यमले पढाउने, स्तरीय होस्टेलको व्यवस्था सहित विद्यार्थीमाथि निगरानी गर्न सिसिटीभीको व्यवस्था रहेको र यो विद्यालय अन्तर्राष्ट्रिय आईएसओ मान्यता प्राप्त रहेको जानकारी दिए।

# पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होटेल व्यवसायीहरु अयोध्या जाँदै



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, महेन्द्रनगर**

जनकपुरधाममा पर्यटक आवागमन बढाउने उद्देश्यले नेपालका होटेल व्यवसायीहरु अयोध्या जान लागेका छन्।

होटेल व्यवसायी संघका केन्द्रिय अध्यक्ष विनायक शाहको नेतृत्वमा ६० भन्दा बढी नेपाली होटेल व्यवसायीहरु भारतीय पर्यटकहरुलाई बढीभन्दा बढी नेपाल भित्राउने उद्देश्यले अयोध्याका लागि प्रस्थान गर्न लागेका हुन्।

अयोध्यामा राम मन्दिरको निर्माण भएपश्चात त्यहाँ पर्यटकहरुको आवागमन बढेकाले जनकपुर धाममा पनि पर्यटक आवागमनमा बृद्धि गराउने उद्देश्यले अयोध्या जान लागेको केन्द्रिय अध्यक्ष शाहले बताए।

दुई देशबिचको सम्बन्ध थप प्रगाढ बनाउने, जनस्तरमा सम्बन्ध विस्तार गर्नुका साथै पर्यटनको बढावा दिनु नै हाम्रो अयोध्या भ्रमणको मूल उद्देश्य रहेको होटेल व्यवसायी संघ मधेसका अध्यक्ष विजय झुनझुनवलाले बताए।



अयोध्या भ्रमणको क्रममा होटेल व्यवसायीहरुले अयोध्यास्थित राम मन्दिरमा पूजा अराधना गर्नुका साथै कोशेली समेत हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ। त्यस्तै त्यहाँका टुर्स एण्ड ट्राभल्स एजेन्टहरुसंग समेत छलफल गर्ने कार्यक्रम रहेको होटेल व्यवसायीहरुको भनाई छ।

अयोध्या प्रस्थान गर्नु अघि शनिबार बेलुका होटेल व्यवसायीहरुले जानकी मन्दिरमा पूजा अराधना समेत गरेका छन्।

पूजामा मधेसका पर्यटन मन्त्री सुनिता यादवको समेत उपस्थिति रहेको थियो।

# २०८४ सालको निर्वाचनमा जनताले एमालेलाई बहुमत दिने छ : महासचिव पोखरेल



**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, जनकपुरधाम**

नेकपा एमालेका महासचिव शंकर पोखरेलले एमालेले मात्रै देशमा सुशासन र विकासको कामलाई गति दिन सक्ने भन्दै अगामी २०८४ सालको निर्वाचनमा जनताले एमालेलाई बहुमत दिनेमा आफु आशावादी रहेको दाबी गर्नु भएको छ। शनिबार धनुषाको हंशपुर नगर पालिकाको वडा नं.५ निकालमा नेकपा एमाले हंशपुर नगर कमिटीले आयोजना गरेको वृहत जनसभा तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

उहाँले विगतमा नेकपा एमालेका अध्यक्ष केपी ओली नेतृत्वको सरकारले मधेशको विकास र समृद्धीका लागि विभिन्नखालका कामहरु गरेकै कारण जनताले एमालेलाई मधेश प्रदेशमा पहिलो पार्टी बनाएको भन्दै मधेशको समृद्धि र विकासका लागि यहाँका जनताले एमालेलाई मत दिनु पर्नेमा जोड दिनु भयो। उहाँले अहिले गठबन्धनको सरकारको पालामा विकास निमार्णका कामहरुले गति लिन नसकेको र पुजिगत खर्च एकदम न्यून र हेकोले सरकार असफल भइ सकेको दावी गर्नु भयो ।

उहाँले एमालेमा अन्य पार्टी वाट प्रवेश गर्नेको लहर नै चलेकोले भन्दै एमालेको मिसन ८४ लाई ध्यानमा राखेर कामकाज गर्न नेता कार्यकर्तालाई आग्रह गर्नु भयो । सो कार्यक्रममा नेपाली काँग्रेस, नेकपा माओवादी ,जसपानेपाल ,लोसपा नेपाल ,जनमत सहितका पार्टी वाट पाँच सय भन्दा बढी नेता कार्यकर्ता एमालेमा प्रवेश गरेका थिए ।

नव प्रवेशीहरुलाई एमालेका महासचिव पोखरेल ,एमाले धनुषा इन्र्चाज लिलानाथ श्रेष्ठ , नेकपा एमालेका कैन्द्रिय सदस्य एवम धनुषा क्षेत्र नं.१ का इन्र्चाज संजिव झा सहितका नेताहरुले फुलको माला र अविर लगाएर नव प्रवेशीलाई स्वागत गर्नु भएको थियो ।

नेकपा एमाले हंशपुर नगर कमिटीका अध्यक्ष दिपेन्द्र यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा एमालेका पोलिट व्युरो सदस्य सुमन प्याकुरेल, धनुषा इन्र्चाज लिलानाथ श्रेष्ठ, ,महोतरी इन्र्चाज जुली कुमारी महतो , एमाले संसदीयदल मधेश प्रदेशका नेता सरोज कुमार यादव ,एमालेका प्रदेश अध्यक्ष चन्देश्वर मण्डल ,एमालेका केन्द्रिय सदस्य हरिनारायण महतो , उमाशंकर अरगरिया ,संजिव कुमार झा सहितका नेताहरुले सम्बोधन गर्नु भएको थियो ।

सभामा पाँच हजारको संख्यामा एमालेका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो । एमालेका नेता कार्यकर्ताहरुले एमाले महा सचिव पोखरेललाई १०१ किलोको फुलको माला लगाई सम्मान गर्नु भएको थियो ।

# नेपाल प्रेस युनियन मधेश प्रदेशको बैठक लहानमा सम्पन्न




**खबर दर्पण समाचारदाता**

**फागुन १९ गते, सिरहा**

नेपाल प्रेस युनियन मधेश प्रदेश कार्यसमितिको चौथौ पूणकालिन बैठक सिरहाको लहानमा बसेको छ ।

अगामि नेपाल पत्रकार महासंघको निर्वाचन, भावि रणनिती र संगठनको बारेमा समिक्षा गर्न बसेको बैठकमा सौहादपुर्ण रुपमा विमर्श भएको समितिका महासचिव अजय कुमार साहले बताए ।

अध्यक्ष सत्य प्रकाश श्रेष्ठको अगुवाई र केन्द्रिय उपाध्यक्ष अनिल कुमार कर्णको विशेष उपस्थितीमा भएको बैठकमा मधेश समिति र आठवटै जिल्लाका सभापति सहित कार्यसमितिहरु संगको समन्वयमा अगाडि बढनुपर्ने सुझाव आएको छ महासचिव साहले भने । मधेश प्रदेश कार्यसमितिलाई अभिभावकत्व ग्रहण गरि प्रभावकारी रुपमा अगाडि बढन जिल्लाहरुवाट सुझाव आएको बताइएको छ। त्यसैगरि शनिवारनै युनियन सिरहाको नयाँ कार्यसमितिको पदस्थापन कार्यक्रम समेत सम्पन्न भएको छ। निर्वतमान अध्यक्ष भरत जर्घामगरले नव अध्यक्ष निर्मला दाहाललाई पदहस्तान्तरण गरि दाहाल नेतृत्वको नयाँ कार्यसमितिलाई पदस्थापन गरिएको छ। केन्द्रिय उपाध्यक्ष कर्ण र प्रदेश अध्यक्ष श्रेष्ठको विशेष उपस्थितीमै आयोजित समारोहमा उपस्थित आठवटै जिल्लाका युनियनका अगुवाहरुले महिलाको नेतृत्व र बर्चश्वको सिरहा कार्यसमितिले नौलो सकारात्मक कामहरु गरि स्मरणिय काम गर्ने बिश्वास व्यक्त गरे ।

कार्यक्रममा डाक्टोरेट (पिएचडी) को उपाधी हासिल गर्न सफल भएका मधेश महासचिव अजय कुमार साहलाई मधेश र सिरहा शाखाले सम्मान गरेको थियो् । सो अवसरमा नेपाली कांग्रेस लहानका नगरसभापति संजय यादव सहित युनियन मधेश प्रदेश कार्यसमितिका पदाधिकारी र सस्दयहरु, सप्तरी र सर्लाही जिल्लाका युनियनका अध्यक्ष, अन्य जिल्लाका पनि पदाधिकारी र सदस्यहरुको उपस्थिती थियो ।


मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

बलवा नगरपालिका, महोत्तरी



विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्धारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

तपसील

श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल

सिट संख्या : २ जना (स्नातक तह)

फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म

सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५

श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान

वर्दिवास, महोत्तरी

सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५



सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

बर्दिवास नगरपालिका, महोत्तरी



सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

सोनमा गाउँपालिका, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा